कोहलपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कोहलपुर, बाँके

प्रदेश नं. ५

**प.सं. :- ०७६/०७७**

**च.नं. :-**

मिति: २०७६/०६/२१

## विजया दशमीको शुभकामना

वैदिक सनातन धर्मानूयायीहरुले दशैंको आशिर्वादलाई पौराणीक पात्रहरु तथा तिनको महारथसँग जोडेर ब्याख्या गरेका छन् । आज दशमी तिथि अर्थात् विजयादशमीको दशौं दिन । आजकै दिन दुर्गा भवानीले महिषाशुर नामक अशुरको वध गरेको भनेर पनि इतिहासमा उल्लेख गरिएको छ । आजको दिन आफ्ना मान्यजनबाट टिका जमरा लगाउनुको अर्थ केवल रमाइलोका लागि मात्र नभएर पौराणीकता अनुसार दैत्यहरु माथि देवताहरुको विजय, असत्य माथि सत्यको विजय तथा अमानविय तत्व माथि मानवताको विजयका रुपमा पनि लिइन्छ ।

दशैं हाम्रो परम्परा र सँस्कृति हो । दशैं हिन्दु धर्मावलम्बिहरुको सबै भन्दा ठूलो र महत्वपूर्ण चाड पनि हो । तर पछिल्ला दिनहरुमा आधुनिकता र परिवर्तनको नाममा उच्छृङखल बनाइदै गएको आभाष हुन लागेको पनि देखिन्छ । किनभने कतिपय मानिसहरुमा अनावश्यक तामझाम र तडकभडक गरेर दशैं मनाउने र त्यसकै देखासिखी गरेर अन्य कतिपय मानिसहरुले आफ्नो सामर्थ्य भन्दा बढी ऋण गरेर खर्च गर्दा दशैंलाई मिठो खाने र राम्रो लगाउने नाममा अस्वस्थ्य प्रतिष्पर्धा जस्तो बन्दै गएको पाइन्छ । त्यस्तो गरेर दशै मनाउनु बाँकी दिनमा बोझ निम्त्याउनु हो । यस्तो चलन त्याग्नु पर्दछ । आफ्नो आम्दानीले भ्याउने र आफ्नो आर्थिक हैसियत अनुसार नै दशैं आपसी सहयोग र मित्रवत व्यवहारमा मनाउनु पर्दछ ।

असत्य माथि सत्य तथा अन्यायमाथि न्यायको विजयको प्रतिकको यस पावन पर्व विजयादशमीको हार्दिक बधाई तथा मंगलमय शुभकामना । सबैको शुभ होस् मङ्गल होस् । क्रोध, लोभ, अन्याय-अत्याचार, अहंकार, दण्डहिनता, क्रुरता, भ्रष्टाचार तथा भोक र सोकले ब्याप्त अनेक रावण रूपको अन्त्य गर्न सकियोस् !

अन्त्यमा, यस वर्षको विजया दशमीले हामी कोहलपुर नगरपालिकावासी सम्पूर्ण आमा-बुबा, दाजु-भाई तथा दिदी-बहिनीहरु सकारात्मक बाटो पछ्याउँदै उत्तरोत्तर प्रगति गर्नसकौं । सत्य बोल्न, सत्कर्म गर्न, एकले अर्कोलाई आदर-सम्मान गर्न कहिले नचुकौं, सम्पूर्णमा विजयादशमीको टिका, जमरा र आशिषले जीवनमा उर्जा भरोस् , सफलताका आयामहरू थपिंदै जाउन् । बि.स. २०७६ सालको विजयादशमीको सबैलाई हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

**लूट बहादुर रावत**

नगर प्रमुख

कोहलपुर नगरपालिका कोहलपुर बाँके